# जिल्ला समन्वय समिति

मकवानपुर, हेटौडा

बागमति प्रदेश

प.सं. : २०७७/०७८

च.न: ५३५

मितिः-२०७८/०१/१६

## जिल्ला समन्वय समिति मकवानपुरको अपिल ।

कोरोना भाईरस (कोभिड १९) को नयाँ भेरियन्ट मकवानपुर जिल्लामा दिनप्रति दिन बढिरहेको वर्तमान अवस्थामा यसको नियन्त्रण तथा रोकथामका लागि नेपाल सरकार तथा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रद्धारा जारी निर्देशन एवम् स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गर्न/गराउन हुन सम्पूर्ण जिल्लाबासी जनसमुदायमा बिशेष आग्रह गर्दछु ।

आम मकवानपुरबासीलाई अत्यावश्यक काममा मात्रै अनिवार्य मास्क लगाई मात्र घरबाहिर निस्कन अनुरोध गर्दै प्रयोग भईसकेको मास्क जथाभावी नफाली ठीक तरीकाले विसर्जन गर्न आग्रह गर्दछु । साथै समुदायमा सचेतना फैलाउने कार्यमा जुट्न तथा सामाजिक दुरी कायम गर्न समेत सम्पूर्ण मकवानपुरबासीलाई अनुरोध गर्दछु ।

जिल्लामा कोभिड-१९ को प्रकोप बढ्दै गएको यस विषम परिस्थितीमा सदरमुकाम हेटौंडामा यसको रोकथाम, नियन्त्रण तथा उपचारका विभिन्न तयारी भएको जानकारी गराउँदै स्थानीय स्तरमा समेत यथासक्य छिटो तत्काल उपचार आवश्यक हुने बिरामीलाई उपचार गर्न मिल्ने गरी आइसोलेसन लगायतको व्यवस्थापन गर्नुहुन अनुरोध छ । साथै सम्पूर्ण स्थानीय तहहरुलाई आ-आफ्नो स्थानीय तहमा तत्काल उपचारको उचित प्रबन्ध मिलाउन हुन तथा जनचेतना फैलाउने कार्यमा जुट्न समेत अनूरोध गर्दछु ।

रघुनाथ खुलाल

प्रमुख

जिल्ला समन्वय समिति मकवानपुर